आज मिति २०७८ साल मार्ग २८ गते दिनको १:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्रीः नर ~~बहादुर चौधरी~~ ईश्वरराज पाण्डेय | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्रीः केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्रीः बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघनाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव प्रा. |
| २९. | | श्री माधव ज्ञवाली | स्वा.शा. प्र. |
| ३० | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२ | | श्री भरत लम्साल | पशु विकास अधिकृत |
| ३३ | | श्री जंग मल्ल | रोजगार अधिकृत ([illegible]) |
| ३४ | | श्री पुरुषोत्तम लम्साल | कृषि अधिकृत |
| ३५ | | श्री मदन ओखेड | इन्जिनियर |

प्रस्तावहरू :

(१) कर्मचारी माग सम्बन्धमा

(२) गरिव आवास कार्यक्रम (टिनको छानो) अन्तरगतको रकम फुकुवा गर्ने सम्बन्धमा

(३) प्रदेश शसर्त तर्फको कार्यक्रम संसोधन सम्बन्धमा

(४) घुम्ती शौचालयको व्यवस्थापन सम्बन्धमा

(५) जहदा र दाउन्नेमा ल्याव सञ्चालन सम्बन्धमा

(६) कृषि तथा पशु सेवा केन्द्र स्थापना सम्बन्धमा

(७) गरिव राहत कार्यक्रम सम्बन्धमा

(८) आम्वास खोलाको ठेक्का रद्द तथा खजुरा खोलाको आय ठेक्का सम्झौता अनुमोदन सम्वन्धमा

(९) लागत साझेदारीको योजना कार्यान्वयन सम्बन्धमा

(१०) विविध

(क) चिसापानी अस्पतालको घर भाडा सम्झौता नविकरण

(ख) आइसोलेशन निर्माणको लागि रकम विनियोजन सम्बन्धमा

(ग) प्रथम चौमासिक अवधिको आम्दानी खर्च सार्वजनिक सम्बन्धमा

निर्णयः

नि.नं १:

यस नगरपालिका अन्तरतग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरवन्दी बमोजिमका कर्मचारी मध्ये रिक्त पद पूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा पठाउने र रिक्त पद मध्ये तत्काल आवश्यक पर्ने प्राविधिक कर्मचारी सेवा करार मार्फत पद पूर्ति गर्ने निर्णय गरियो ।

नि.नं २:

गरिव आवास कार्यक्रम (टिनको छानो) तर्फको शहरी विकास तथा भवन निर्माण अन्तरगत अनुदान सहायता प्राप्त गर्ने २५७ जना लाभग्राहीको प्रथम किस्ता वापतको रकम रू २५,०००।०० को दरले हुने जम्मा रकम रू ६४,२५,०००।०० सम्बन्धित लाभग्राहीहरूको वैंक खातामा गत आ.व.मा नै रोक्का निकाशा भएकोमा उक्त रकम फुकुवा गर्न सम्बन्धित वैंकहरूलाई पत्राचार गर्ने, दोश्रो किस्ता रकम निकाशाको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासीलाई अनुरोध गर्ने र लाभग्राहीहरूको घर निर्माण गर्ने र घर निर्माण सम्पन्न भए पश्चात निर्माण सम्पन्न भएको घरको फोटो सहितको विवरण यस कार्यालयमा पेश गर्ने सन्दर्भमा सम्बन्धित वडा कार्यालय मार्फत सहजिकरण गर्ने निर्णय गरियो ।

नि.नं ३:

लुम्बिनी प्रदेश सरकारबाट प्रतिस्थापन विधेयक पारित गरी वार्षिक बजेट तथा कार्यक्रम परिमार्जन गरे बमोजिम आठौं नगरसभाबाट पारित केही योजनाहरू समेत स्वतः परिमार्जन हुन गएको र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ चालु आ.व.को नगर विकास योजनाको सि.नं ७२० देखी सि.नं ७३६ सम्म उल्लेख भएका योजनाहरू परिमार्जन भै तपसिल बमोजिम कायम हुन गएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी सोही अनुसार योजना कार्यान्वयन प्रक्रिया अगाडी वढाइने व्यहोरा जानकारी गराइयो ।

तपसिलः

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट रु हजारमा |
|---|---|---|
| १ | बर्दघाट ८ अधुरो कभर्ड निर्माण | १५०० |
| २ | बर्दघाट ४ शिवमार्ग जाने बाटो कालोपत्रे | १५०० |
| ३ | बर्दघाट २ सुखौरा गाँउमा ठाडो बाटो स्तरिकरण | १५०० |
| ४ | बर्दघाट १६ सिद्दनगर दलित भवन निर्माण | १००० |
| ५ | बर्दघाट १६ अधुरो मदरसा भवन निर्माण | ५०० |
| ६ | बर्दघाट ७ खरेल चोकदेखी १४ शुक्रवस्ती जोड्ने सडक स्तरोन्नती | १००० |
| ७ | बर्दघाट १४ को दुर्गा मन्दिर पर्खाल निर्माण | ५०० |
| ८ | बर्दघाट १ को हाटबजारको दुर्गा मन्दिर पर्खाल निर्माण | १००० |
| ९ | बर्दघाट ८ भानु आधारभूत विद्यालय पर्खाल निर्माण | १००० |
| १० | मदन आश्रित अधुरो भवन निर्माण | ५०० |
| ११ | शहिल स्मृति सामुदायिक अस्पताल विकास केन्द्र, बर्दघाट १४ | ५०० |
| १२ | मदरसा भवन निर्माण, बर्दघाट १६ | ५०० |
| १३ | वाली कटानी तथ्याँक अद्यावधिक | ५० |

| | | | |
|---|---|---|---|
| १४ | कृषि पशुपंक्षी अधिकृत जनशक्ति सेवा करार | | ४१६ |
| १५ | मूख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | | ७००० |

नि.नं ४ः
यस नगरपालिका अन्तरगत विभिन्न मेला, महोत्सव तथा जमघट हुने स्थानको सरसफाईलाई मध्यनजर गरी सरसफाई कार्यक्रममा विनियोजन गरिएको रकम रू ५,००,०००।०० मध्येबाट घुम्ती शौचालय खरिद गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा बजार विकास समिति मार्फत यसको व्यवस्थापन गर्ने निर्णय गरियो ।

नि.नं ५ः
यस नगरपालिका अन्तरगत साविकको दाउन्ने क्लष्टर र जहदा क्लष्टरमा रहेको स्थानीय स्वास्थ्य संस्थाहरूमा ल्याव सहितको स्वास्थ्य सेवा सञ्चालन गर्ने र सोको लागि तत्काल ३ जना ल्याव टेक्निसियन कर्मचारी सेवा करारमा लिने निर्णय गरियो ।

नि.नं ६ः
यस नगरपालिका अन्तरगत वडा नं १३ स्थित मझौनीमा कृषि सेवा केन्द्र, वडा नं १४ चौपत्तामा पशु सेवा केन्द्र स्थापना गर्न तथा वडा न ९ स्थित साविक पञ्चनगर गाविस क्लष्रमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि.नं ७ः
कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगर हस्तान्तरण गर्ने सम्बन्धी ०७८/७/२५ को सूचना बमोजिम राहत सहयोग उपलब्ध गराउने उद्देश्यले सूचिकृत लाभग्राहीहरूको विवरण यस सम्बन्धी कार्यविधिको अनुसूचि ३ बमोजिमको ढाँचामा तयार गरी मिति ०७८/९/१५ सम्म नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो

नि.नं ८ः
यस नगरपालिका अन्तरगत रहेका खजुरा खोला (वडा नं ५, १४ र १६) का विभिन्न स्थानबाट नदिजन्य पदार्थ (ढुँगा, गिट्टी, वालुवा)
उत्खनन् गर्ने सन्दर्भमा दाउन्ने कन्स्ट्रक्सन, बर्दघाटले रू १,१०,७२,१५० (भ्याट र अग्रिम आय कर सहित) वुझाउने गरी ठेक्का सम्झौता
गरेकोमा उक्त सम्झौता अनुमोदन गर्ने र वडा नं २ र १० स्थित आम्वास खोलाको ठेक्का सम्बन्धमा जिल्ला वन कार्यालय तथा
संसारकोट हरियाली सामुदायिक बन उपभोक्ता समूह लगायत सम्बन्धित सरोकारवालाहरूबाट समेत आवश्यक समन्वय नगरी ठेक्का
प्रक्रिया अगाडी वढाएको भनी ध्यानाकर्शण गराएको विषय र स्थानीय स्तरको माग समेतलाई मध्यनजर गरी उक्त ठेक्का प्रक्रिया रद्द
गरी ठेक्का प्रयोजनको लागि सम्बन्धीत कम्पनीहरूले राखेको धरौटी लगायतको रकम फिर्ता दिने र शुक्रवारे हाटबजार, बर्दघाट-४,
विज्ञापन कर तथा कवाडी करको सन्दर्भमा राजश्व परामर्श समितिको परामर्शमा दर न्युनतम कवोल अंक संसोधन गरी पुनः ठेक्का प्रक्रिया
अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ९ः
आठौं नगरसभाबाट चालु आ.व.मा लागत सहभागितामा सञ्चालन हुने आयोजना तर्फ रकम रू ७०,००,०००।०० बजेट विनियोजन
भएकोमा उक्त रकम मध्येबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न वडा समिती मार्फत योजना सिफारिस गरिए बमोजिम तोकिए
बमोजिमको लागत साझेदारीको लागि स्थानीय समूदायबाट रकम जम्मा गरेको बैंक भौचर प्राप्त भएपश्चात नगर प्रमुख स्तरिय निर्णय
बाट योजना छनौट गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी वढाउने साथै यसरी लागत सहभागिता हुने योजनाको सन्दर्भमा बाटो
कालोपत्रे, नाला निर्माण, भवन निर्माण लगायतका पक्की संरचनाको हकमा रू १० लाख सम्मको ~~पूर्वाधार~~ संरचना निर्माण कार्य
आवश्यकता अनुसार स्थानीय उपभोक्ता समिति मार्फत समेत गर्ने निर्णय गरियो ।

नि.नं १० (क)
चिसापानी अस्पतालको घर वहाल सम्झौता नविकरण तथा वहाल रकम वृद्धिको लागि सम्बन्धित अस्पताल विकास समितिबाट सिफारिस
भै आएकोले नगरसभाबाट आवश्यक रकम सुनिश्चित गरी आगामी २ वर्ष सम्मको लागि घर वहाल सम्झौता नविकरण गर्ने निर्णय गरियो
।

नि.नं १० (ख)
वडा नं २ स्थित चिसापानीमा रहेको आइसोलेशन हाता भित्र ल्याव सेवा तथा चमेना गृह सञ्चालनको लागि आवश्यक भवन
लगायतको संरचना निर्माण गर्नुपरेकोले सि.न.५८२ मा प्रकोप व्यवस्थापन (कोभिड लक्षित) कोषमा विनियोजित रकम रू ५२,००,०००।००
मध्येबाट भूक्तानी हुने गरी यस सम्बन्धी लागत अनुमान तयार गरी संरचना निर्माण कार्य अगाडी वढाउने निर्णय गरीयो ।

नि.नं १० (ग)
चालु आ.व.को प्रथम चौमासिक अवधिमा कूल निकाशा रू २९,९१,२१,२५३।२५, भएकोमा चौमासिक खर्च रू ११,८०,४४,७८२।५२ भएको
जस मध्ये पूंजिगत तर्फ १,३३,९९,४३०।०० र चालु तर्फ १०,४६,४५,३५२।५२ खर्च भएको व्यहोरा जानकारी गराइयो ।